नेपाल सरकार
शिक्षा मन्त्रालय
# विद्यालय शिक्षक किताबखाना
म्यूजियम मार्ग, छाउनी काठमाडौं ।

☎ ४६७१८२३, ४२८३०२३, ४६७०७५७
फ्याक्स ४२८४९००

प.सं. ०७३/७४
च.नं. ३२९२

मिति : २०७३।१२।२

विषय :- **पारिवारिक वृत्ति** सम्वन्धमा ।

श्री जिल्ला शिक्षा कार्यालय
सवै ।

शिक्षा नियमावली २०५९ को ११६ मा "आजीवन पारिवारिक वृत्ति : विद्यालयको कामको सिलसिलामा काज खटी गएको अवस्थामा दुर्घटनामा परी वा त्यसको कारणबाट निको नहुँदै पछि कुनै शिक्षकको मृतयु भएमा निजको विधुर पति वा विधवा पत्नीलाई त्यस्तो शिक्षकले पाउन सक्ने न्यूनतम निवृत्तभरणको पचास प्रतिशतले हुन आउने रकम आजीवन पारिवारिक वृत्तिस्वरुप दिइनेछ ।" उल्लेख छ ।

सोही नियमको नियम १२५ मा व्यवस्था भएको सम्वन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी अध्यक्ष तथा जिल्ला शिक्षा अधिकारी सदस्य सचिव रहेको ६ सदस्यीय **वृत्ति सिफारिस समिति**बाट सिफारिस भई आएको कतिपय सिफारिस कानुनको मनसाय प्रतिकूल प्रमाणित भएकाले यस किताबखानाबाट आजीवन पारिवारिक निवृत्तभरण उपलब्ध हुन नसकेको किताबखानामा अभिलेख छ।

एकातिर सम्वन्धित जिल्लामा रहेको वृत्ति सिफारिस समितिको सिफारिस कानुनको मनसाय प्रतिकूल हुनु, सुविधा पाउन आएका सेवाग्राही भनसुनमा समेत उत्रने र पनि पारिवारिक वृत्ति पाउन नसक्ने र यस्ता सिफारिस अनुसार निधन भएका शिक्षक कुनै सामान्य, दीर्घ वा असाध्य रोग लागि निधन हुनु भएको वा काल गतिले निधन भएकोमा केही पछि मिति समेत नराखी बनाइएका वृत्ति सिफारिस प्राप्त हुँदा कानुनको मनसाय पालन गरी सुविधा उपलब्ध गराउन नसकिएको किताबखानाको अभिलेख छ ।

माथि लेखिएको कानुनी प्रावधान, अक्षर र मनसाय पालन गर्दै आधिकारिक भ्रमण आदेश लिई गएको अवस्थामा दुर्घटनाजन्य प्रमाणहरुमा **घटनास्थल प्रकृति मुचुल्का (सर्जमिन), लासजाँच प्रकृति मुचुल्का, पोष्ट मार्टम रिपोर्ट** र **प्रहरी प्रतिवेदन** लगायत आधिकारिक कागजातको फाइल प्राप्त भएपछि सुविधा उपलब्ध गराउने सम्वन्धमा शिक्षा मन्त्रालयका सहसचिवको अध्यक्षतामा रहेको ७ सदस्यीय **परामर्श समितिमा पेश भई निर्णयमा पुगिने** व्यहोरा अनुरोध गरिन्छ ।

७३.१२.२

(शेरबहादुर ढुङ्गाना)
महानिर्देशक

शेरबहादुर ढुङ्गाना
महानिर्देशक

**वोधार्थ**
श्री शिक्षा मन्त्रालय
विद्यालय शिक्षा शाखा ।
डा. श्री हरिप्रसाद लम्साल सहसचिव, शिक्षा मन्त्रालय तथा अध्यक्ष, परामर्श समिति शिक्षा नियमावली २०५९ को नियम १२७ क ।
श्री क्षेत्रीय शिक्षा निर्देशनालय, सवै ।